**सभाका अध्यक्ष ज्यू, सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मीहरू, पत्रकारहरू,**

१. विश्वब्यापी महामारीका रुपमा फैलिएको कोभिड -१९,परिस्थितिका बीच आज म रोहिणी गाउँपालिकाको आर्थिक बर्ष २०७७/७८ को नीति तथा कार्यक्रम यस गरीमामय सभा समक्ष प्रस्तुत गर्न गइरहेको छु।

२. यस चुनौतिपूर्ण अवस्थामा गाउँसभालाई सम्बोधन गरिरहँदा म संघीय शासन प्रणाली र समाजबाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनाका लागी पटक पटक भएका आन्दोलन र संघर्षहरुमा सहादत प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

३. कोभिड-१९ का कारण उत्पन्न संकट तथा संक्रमणलाई फैलिन नदिन गरिएको बन्दावन्दी (लकडाउन)को बीचमा हाम्रो गाउँपालिकामा भारत लगायत अन्य मुलुकबाट आएका र आउने नागरिकहरुलाई सहयोग गर्ने सबैलाई धन्यवाद दिन्छु र आगामी दिनमा पनि सहयोगको अपेक्षा गर्दछु । क्वारेन्टाइन ब्यवस्थापनका लागि भवन उपलआध गराएर सहयोग पुर्याउनु हुने रामनरेश मा .वि.का सम्पूर्ण परिवार प्रति कृतज्ञता ब्यक्त गर्दछु ।

४. यस महामारी रोकथाम, नियन्त्रण र उपचारका लागी यस गाउँपालिकाले विपद व्यवस्थापन कोष स्थापना गरी सं चालनमा रहेको ब्यहोरा जानकारी गराउँदछु । कोषको रकम राहात वितरण,क्वारेन्टाइन ब्यवस्थापन,स्वास्थ्य सुरक्षा सामाग्री खरिद जस्ता विपद संग सम्वन्धित कार्यमा खर्च गरिएको ब्यहोरा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।उक्त कोषमा योगदान पुर्याउनु हुने सबै दानवीर महानुभभावहरुमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

५. महामारी रोकथाम र नियन्त्रणका लागि अपनाइएको बन्दाबन्दी, सामाजिक दुरी लगायतका कार्यमा अनुशासित र सक्रियतापूर्वक सहयोग गर्नुहुने सम्पुर्ण रोहिणी निबासी महानुभावहरु प्रति हार्दिक आभार ब्यक्त गर्दछु र यसको रोकथाम र नियन्त्रणमा अग्रपङ्तिमा खट्नुहुने चिकित्सक, स्वास्थ्यकर्मी, तथा ब्यवस्थापन कार्यमा संलग्न सबै कर्मचारी ,सुरक्षाकर्मी तथा जनप्रतिनिधि एवम् राजनैतीक दल ,समाजसेवी ब्यक्तित्वहरू पत्रकारहरु प्रति हार्दिक धन्यबाद ब्यक्त गर्दछु ।

६. राज्यको पुनः संरचना पश्चात नेपालको संविधान, २०७२ अनुसार गठित जनताले देख्र र अनुभुति गर्न सक्ने स्थानीय सरकारको रूपमा हामी निर्वाचित भएपछि तीन आ.ब.को बार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन हुनै लागेको र जनतालेविकास र उन्नतिकोमहशुस गरिरहेको अवस्थामा कोरोना भाइरस (कोभिड-१९)को सामना गर्न हामी सबै सकृयरूपमा अहोरात्र खटेर लागेको कारण स्थानीय सरकार सक्षम रहेको प्रमाणित भएको र स्थानीय सरकारको महत्व र गरिमा अझ बढेको ब्यहोरा जानकारी गराउन पाउदा गौरव महशुष गरेको छु ।

७. हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) ले गर्दा आम जनजीवनमा पारेको असरले रोहिणी गाउँपालका पनि प्रभावित भएको छ ।योजना तथा कार्यक्रम संचालन गर्न असहज अवस्था परेको,योजना तर्जुमा विधि र प्रकृया अनुसरण गरी गाउँ टोल तथा वडा भेलाको आयोजना गर्न स्वास्थ्य सुरक्षाको दृष्टिकोणबाट जोखिम पूर्ण रहेको अवस्थामा आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट कार्यान्वयनमा देखा परेको वर्तमान चुनौतिलाई सामना गर्दै **हाम्रो रोहिणी राम्रो रोहिणी** भन्ने मान्यताका साथ रोहिणी गाउँपालिकाले अघि सारेको **कृषि, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य संस्कृति र सभ्यता ।सुखी जनता र समृद्ध रोहिणीको प्रतिवद्धता** भन्ने दीर्घकालिन सोचर विकासका सबै चरणहरुमा जनताको अर्थपुर्ण सहभागिता

सहित सन्तुलित र चौतर्फी विकासको लागि आ.ब.२०७७/०७८को गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**क) आर्थिक विकास सम्बन्धधी नीति तथा कार्यक्रमहरु**

९. कृषिलाइ आर्थिक समृद्धीको मेरूदण्ड मान्दै **"ब्यवसायिक कृषि पेशा अबलम्वन गरौं आत्म निर्भर बनौ** "भन्ने उद्देश्यका साथ कृ षिलाई ब्यवसायिकरण तथा बजारीकरण गर्न अभिप्रेरित गरिने छ र ब्यवसायीक तथा साना कृषकहरूलाई अनुदानको ब्यवस्था गरिने छ ।

१०. कृषि उपज तथा कृषिजन्य उत्पादनमा वृद्धि गर्न सिचाई सुविधा प्रवर्धन गर्ने नीति अबलम्बन गरिने छ ।

११. किसानको लागत मुल्य प्राप्तीको सुनिश्चताको लागी कृषी तथा पशु विमा कार्यक्रम लाई प्रोत्साहन गर्न गाउँपालिकालाई सहजिकरण गर्ने नीति अबलम्बन गर्ने छ ।

१२. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत ब्यवसायिक कृषि उत्पादन केन्द्र ( पकेट ) विकास कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिने छ ।

१३. एक गाउँ एक उत्पादन कार्यक्रमलाई प्रोत्साहन हुने किसिमका कृषि गतिविधि संचालन गर्ने नीति अवलम्बन गरिने छ । दुग्ध उत्पादक कृषकहरुलाई लागत साझेरीमा डेरिजन्य मेसिनरी औजार लगायतका समान उपलब्धध गराइने छ ।

१४. माटो र जमिनको रक्षाका लागि रासायनिक मलमा मात्र निर्भर नभै गोठे मल, प्राङ्गारिक मल जंविक मल उत्पादन कार्यमा प्रोत्साहन गरिने छ ।

१५. व्यवसायिक पशुपालक कृषाकलाई उत्पादन बढाउनको लागि यान्त्रिकरण मेसिनरी औजार लागतका समान अनुदानमा उपलब्धध गराईने छ ।

१६. आधुनिक कृषि व्यवसायबाट मात्र उत्पादन बढ्ने , रोजगारीको सृजना हुने हुदा उत्पादनलाई बढावा दिदै बजारीकरण गर्ने तथा उपलब्ध हाट बजारहरुको सुधार र ब्यवस्थित गरिदै लगिने छ ।

१७. दीर्घकालिन कृषि योजनाले अवलम्बन गरेका नीतिहरुका आधारमा खाद्यान्य वाली, नगदे वाली, तेलहन वाली, दलहन वाली तथा च्याउ खेती ,, ब्रयवसायिक तरकारी खेती ,,माछापालन, कुखुरापालन तथा पशुपालनको लागि नश्ल सुधार तथा धान र गहु वालीको पकेट क्षेत्रको रुपमा विकास गर्न संघीय र प्रदेश सरकारको समेत सहयोगमा गाउँपालिकाले प्राथमिकता दिने छ ।

१८. कृषक समेतको साझेदारीमा संघ , प्रदेश समेतको सहयोगमा तरकारी तथा फलफुलको संरक्षणको लागि सितभण्डारको निमार्णको लागि पहलकदम चालिने छ ।

१९. कृषि विकास र उत्पादन वृद्धिका लागि सिंचाई सुविधा अभिवृद्धि हुने सबै सम्भावित कार्यमा गाउँपालिकाले सहयोग गर्ने छ ।

२०. माछा पालन ब्यवसायको माध्यमबाट आयआर्जन वृद्धि तथा रोजगारीमा बृद्धि गर्नका लागि माछा पालनको क्षेत्र विस्तार गर्न अभिप्रेरित गराई नया पोखरी निर्माणमा अनुदान तथा पुराना पोखरी भएका कृषकहरुलाई भुरा तथा उत्पादनमा अनुदान दिने नीति लिइने छ ।

२१. राज्यको नीति अनुसरण गर्दै कृषि वाली विमा तथा पशु विमाका कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडि बढाईने छ ।

२२. विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेको सिपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण सेवा, व्यवशाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगार दातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गर्ने व्यवस्था मिलाईने छ ।

२३. संघीय तथा प्रदेश सरकारको समेत नीति अनुसार स्थानिय तह भित्र रहेको बाझो जग्गाहरुको एकिकृत तथ्याङ्क संकलन गरी सोको पुर्ण उपयोगको व्यवस्था मिलाउन भूमि बैंकको अवधारण कार्यन्वयन गर्न सहजीकरण गरिने छ । यस्ता कार्यलाई प्रोतसाहन गर्न कर सहुलियत तथा अनुदान लगायतका व्यवस्था गरिने छ ।

२४. स्थानिय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको बजारीकरण सुनिश्चित हुने ब्यवस्था मिलाइने छ ।

२५. अर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधीको प्रयोग गरी कार्यानन्वयन गरिने आयोजनाहरु छनौटमा प्राथमिकता दिइने छ । प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई रोजगारिको सिर्जना गरिनन छ ।

२६. लघुउद्यम विकास कार्यक्रम मार्फत नयाँ लघु उद्यमी सृजना गरिने छ ।

२७. युवाहरुलाई राष्ट्र निर्माणमा सरिक गराउन रोजगारमूलक तथा उद्यमशिल तालिम उपलब्ध गराईने छ ।

२८. गाउँपालिका भित्र रहेका एलानी , पर्ती , सार्वजनिक जग्गा सार्वजनिक पोखरी, कुलो जस्ता सार्वजनिक महत्वका सम्पत्तिको नक्साङ्कन र सिमाङ्कन गरी संरक्षण गर्ने नीति अबलम्बन गरिने छ ।

२९. सहकारिका सात सिद्धान्तको अनुसरण गर्दै सहकारी संघ संस्थालाई प्रोत्साहन हुने किसिमका कार्यहरु संचालन गरि स्व रोजगारलाई प्रवर्द्धन गरिने छ ।

३०. यस गाउँपालिका क्षेत्रमा उद्योग , व्यवसाय र व्यापार संचालनमा गाउँपालिकाले सहयोगी र समन्वयकारी भूमिका निभाउने छ । रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई निजी क्षेत्रबाट समेत रोजगारीको अवसर दिनु पर्ने छ ।

३१. संघीय तथा प्रदेश कानुन बमोजिम स्थानीय तहमा गरीवि , विपन्न , भूमिहिन र सुकुम्वासीहरुको पहिचान र अभिलेखिकरण गरी जग्गा व्यवस्थापनको लागि सहजीकरण गर्ने तथा स्थानीय रोजगारिका अवसर सृजना गर्ने कार्यक्रम संचालन गरिने छ ।

३२. योजना तथा कार्यक्रम तर्जुमा गर्दा स्थानिय कच्चा पदार्थ , सीप र प्रविधीको प्रयोग हुने तथा रोजगारी सिर्जना गर्ने आयोजना छनोटमा प्राथमिकता दिईनेछ ।

**ख सामाजिक विकास सम्बन्धधीनीति तथा कार्यक्रमहरु**

३३. कोभिड–१९ मा स्थानिय तहमा खटिने स्वास्थयकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा समाग्री –मास्क , पञ्जा , सेनिटाईजार, पिपिई हरुको अभाव नहुने गरी निर्धक्क संग सेवा प्रवाहमा लाग्ने वातावरण स्थापित गरिने छ ।

स्वाथ्य कर्मीहरुलाई उच्च मनोबलका साथ उत्प्रेरित भई काम गर्ने ब्यवस्था मिलाईने छ ।

३४. नेपाल सरकारको नीति अनुसार अत्यावश्क स्वास्थ्य सेवाको पहुँच एवं गुणस्तरीय सेवा प्रवाहका लागि स्वास्थ्य सेवा पूर्वाधार विकास र निशुल्क औषधीको अभाव हुन दिईने छैन ।

३५. कोभिड स्क्रमणको सम्भावित जीखिममा रहेका नागरीकहरुलाई नेपाल सरकारले तोके बमोजिम क्वार्न्टाइनमा राख्ने व्यवस्थालाई निरन्तरता दिईने छ र घरमै सुरक्षित साथ सेल्फ क्वार्न्टाइनमा बस्न अभिप्रेरित गरिने छ । यस्तो व्यवस्था गर्दा आवश्यक्ता अनुसार छिमेकी स्थानिय तहहरु संग समेत समन्वय र सहकार्य गरिने छ । क्वार्न्टाइनको वैकल्पक विकल्प खोजिने छ ।

३६. कोभिड–१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्षमता विकाश तथा जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

३७. गाउँपालिकाले आफ्नै एम्बुलेन्स सेवा संचालन गर्ने छ र सोको ब्यवस्था नहुदा सम्म धकधई रेडक्रस संग समन्वय गरी भरपर्दो तरिकाले एम्बुलेन्स सेवा संचालन गरिने छ ।

३८. कोभिड–१९ का कारण विद्यार्थी , गर्भावती महिला , जेष्ठ नागरिक , अपांगता भएका व्यक्ति , डिप्रेसनमा रहेका व्यक्ति तथा मनोसामाजिक परामर्श आवश्यक सहजिकरण गरिने छ ।

३९. अस्पताल , स्वास्थ्य चौकी तथा स्वास्थ्य एकाईबाट प्रदान गर्ने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य , पोषण लगायतका जनस्वास्थ्य

सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधि उपकरण तथा स्वास्थ्य सामाग्रीको अभाव हुन नदिइ उचित व्यवस्थापन गरिने छ ।

४०. खोप, सुरक्षित मातृत्व , प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभुत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंस्विकालाई उत्पेरित गराई उचितरुपमा परिचालन गरिने छ ।

४१. प्रजनन स्वास्थ्यमा पहुँच अभिवृद्धि गर्न प्रसुति गृह निर्माण र संचालनलाई व्यवस्थित र प्रभावकारी बनाईने छ । आमा र शिशूको स्वास्थ्यलाई ध्यान राखि बर्थिङ्ग सेन्टर तथा अस्पतालमा सुरक्षित सुत्केरी गराउन प्रोत्साहन गर्ने र बर्थिङ्ग सेन्टर तथा अस्पतालमा प्रसुति गराएका रोहिणी गाउँपालिका भित्र स्थायी बसोबास भएका सुत्केरी महिलालाई उपाध्यक्ष सुत्केरी प्रोत्साहन कार्यक्रम संचालन गरी पोषण सामाग्री उपलब्ध गराउर्ने नीति लिईएको छ ।

४२. जग्गा ब्यवस्थापन भएका स्थानहरुमा खोप केन्द्रको निर्माण गर्दै लगिने छ ।

४३. "**गुणस्तरीय शिक्षा रोहिणीको प्रतिबद्धता** भन्ने मुल धेय सहित सबै बालबालिकालाइ विद्यालयमा अनिवार्य पठाउँ , सिकाउँ र टीकाउँ भन्ने अभियान सहित सामुदायिक , धार्मिक विद्यालयहरुमा भौतिक पुर्वाधार विकास संगै गुणस्तरीयता अभिवृद्धिमा जोड दिइने र राम्रो नतिजा ल्याउने विद्यालयहरुलाई पुरस्कृत तथा सम्मान गरिने छ ।

४४. कोरोना भाईरसका कारण विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम बैकल्पिक विधीहरु प्रयोग गरी पठनपाठन सुचारु गर्न आवश्यक सहयोग र सहजिकरण गरिने छ ।

४५. सामाजिक दुरी कायम गरी विद्यालय संचालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी पठनपाठटनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण , खानेपाननी, शौचालय तथा सरसफाईको प्रबन्ध गर्न गाउँपालिकाले सहयोग र सहजिकरण गर्ने छ ।

४६. आधधारभूत तथा माध्यमिक शिक्षा सबैका लागि अनिवार्य गराई गुणस्तरिय शिक्षाको शुनिश्चिताको लागि आवश्यक प्रबन्ध मिलाईनेछ ।

४७. विद्यालयमा कार्यरत जनशक्तिको उच्च मनोबललाई प्राथमिकता दिई आवश्यकता अनुसार कार्य क्षेत्र र जिम्मेवारी समेत हेरफेर गरी कर्तब्य प्रति लगनशील हुन अभिप्रेरित गरिने छ ।

४८. धार्मिक विद्यालयहरु मदरसाको भौतिक र शैक्षिक विकासमा टेवा पुर्याईने छ ।

४९. सामुदायिक तथा धार्मिक विद्यालयहरुमा खानेपानी, सरसफाई एवम् वाल तथा छात्रा मैत्री शौचालय निर्माण कार्यको लागि विशेष प्राथमिकता साथ कार्यक्रम सञ्चालन गरिने छ । छात्राहरुलाई नियमित विद्यालय आउने वातावरण श्रृजना गरिने छ र संघीय सरकारको सहयोगमा सामुदायिक विलालयमा अध्ययनरत किसोरीहरुलाई स्निटरी प्याड निशुल्क र भरपर्दो तरिकाबाट उपलब्ध गराइने छ ।

५०. विद्यालय स्तरीय शिक्षामा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्दै पठन पाठनलाई गुणस्तरीय एवम् समयानुकुल बनाइने छ ।

५१. संघिय सरकार र प्रदेशको सहयोगमा क्रमशः सबै मा वि हरुमा विज्ञान भवन र ल्यावको उचित ब्यवस्थथा गरिने नीति लिईने छ ।

५२. विद्युतिकरण नभएका विलालयहरुमा विद्युत ब्यवस्थापन गरिने छ ।

५३. संघीय सरकारको अनुदानमा सार्वजनिक विद्यालयका विद्यार्थीहरुलाई दिवा खाजाको ब्यवस्था गरिने छ ।

५४. सवैका लागि स्वच्छ खान्पानी सुविधा पुर्याउन खानेपानीका लागि भुमिगत पानीको व्यवस्था सहित ओभरहेड टयाङकी निर्माण गरी स्वच्छ खानेपानी ब्यवस्थापनमा छ । धकधई खानेपानी आयोजनालाई ब्यवस्थित साथ विस्तार गर्न पहल गरिने छ ।

५५. अपाङ्गताको प्रकृति अनुरुप आय आर्जनको लागि तालिम तथा सूविधाजनक समाग्री वितरणको ब्यवस्था मिलाईने छ ।

५६. खुला दिसा मुक्त गाउँपालिका भै सकेको टोल विकास संस्थाहरु र समुदायमको अगुवाई र सकृयतामा पूर्ण सरसफाइका क्रियाकलाप आरम्भ गरिने छ । हाम्रो रोहिणी सुनर र सफा रोहिणी भन्ने स्लोगनका साथ सरसफाईलाई सभ्यता र स्वास्थ्यको दृष्टिकोणबाट हेर्न जनानसलाई सचर्त गराईने छ ।

५७. खानेपानि तथा सरसफाईका सम्बन्धमा तयार गरिएको रणनीतिक योजनाले मार्गदर्शन गरे बमोजिमका कार्यक्रमहरु कार्वान्वयन गरिने छ ।

५८. गाउँपालिकाका सवै वडा तथा टोलहरुलाई नियमित खोप सुनिश्चितताका लागि जनस्वास्थ्य कार्यालयसंगको समन्वयमा स्थानीय सामुदायिक संस्था , स्वास्थ्यकर्मी र महिला स्वयम् सेविकालाई अझ बढी क्रियाशिल बनाईदै लागिने छ ।

५९. राष्ट्रिय सांस्कृतिक धरोहर लगायत विभिन्न जाति र समुदायका परम्परागत सम्पदाहरुको संरक्षण र सम्वद्धन गर्ने कार्यलाई जोड दिइने छ ।

६०. जिल्ला खेलकूद विकास समिती एवम् खेलकूद विकाससंग सम्बन्धत संघसंस्थाहरुसंग समन्वय र सहकार्य गरी खेलकूद विकासका लागि खेलकूद कार्यक्रम सञ्चालन, खेल मैदान निर्माण , सामाग्री वितरण एवम् राष्ट्रिय तथा क्षेत्रिय स्तरमा संचालित प्रतियोगिमा सहभागी हुने खेलाडिहरुलाई प्रोत्साहन गरिने छ ।

६१. सघीय र प्रदेश सरकारको सहयोगमा रोहिणी २ को बैरिहवामा बहुउद्देशीय खेल ग्रामको विकास गरिने छ । प्रत्येक वडाहरुमा क्रमशः खेल मैदान निर्माण गरिने छ ।

६२ बैंकहरु संगको समन्वय र सहकार्यमा सामाजिक सुरक्षा भत्तालाई बैंक मार्फत अझ सरल र छिटो तरिकाले भुक्तानि गर्ने ब्यवस्था मिलाइने छ ।

६३. छुवाछुत मुक्त समाज निर्माण र जातिय विभेद मुक्तिका लागि जनचेतना र पहुँच अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।

६४. आर्थिक,  सामाजिक र शैक्षिक रुपमा पछाडि परेका महिला  , दलित, आदिवासी जनजाती, मुस्लिम, पिछडावर्ग,, अपांङ्गता भएका व्यक्ति लगायत पिछडिएको वर्ग र समुदायलाई सीममूलक  , आय र रोजगारमुलक कार्यक्रम संचालन गरिने छ ।

६५. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा  , विभेद र वहिष्करण अन्त्यका लागि लैंगिक समानता तथा महिला सशक्तिकरणमा सहयोग पुग्ने केयक्रम संचालन गरिने छ ।

६६. समाजमा व्याप्त लैंगिक भेदभाव न्युनिकरण वम् महिला सशक्तिकरणलाई सम्बोधन गर्ने किसिमका लैंगिक सचेतना एवम् कानुनी सचेतना सम्बन्धी कार्यक्रम संचालन गरिने छ ।

६७. सवै वडा तथा टोलहरुलाई बालमैत्री घोषणा गर्दै बालमैत्रि गाउँपालिका घोषणा गर्न आवश्यक वातावरण सृजना गर्न तर्फ अगाडि बढाइने छ ।

६८. युवाहरुमा उद्यमशीलता , सृजनशीलता एवम् सकाराततत्मक सोचको विकास गर्ने अभिप्रायका साथ सोही अनुरुपका सीप र क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्दै लगिने छ ।

६९. अपांङ्गता भएका व्यक्तिहरुलाई आत्मनिर्भर र स्वाभिमान बनाउनका लागि समान अवसर तथा सेवा सुविधामा पहुँच बढाउन उनीहरुको सहयोग पुग्ने किसिमका कार्यक्रमहरु संचालन गरिने छ । घर परिवार र समाजमा फरक क्षमता भएका ब्यक्तिलाई मायाँ गर्ने वातावरण श्रृजना गर्न सचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

७०. जेष्ठ नागरिकहरुको आधारभुत अधिकारको संरक्षण गर्दै उनीहरुको लागि सम्मानजनक तथा सनतुष्टिपूर्वक जीवनयापनका आवश्यक कार्यक्रम कार्वान्यन गर्ने तर्फ जोड दिइने छ । जेष्ठ नागरिकलाई माया र सम्मान गर्ने नीति लिईने छ ।

७१. सीमान्तकृत विपन्न तथा अति गरीवहरुका लागि अय अर्जन सम्बन्धी सीपमुलक कार्यक्रम गरिने छ ।

७२. आदिवासी जनजातीको भाषा, संस्कृति संरक्षण र सम्वर्धन गरिने छ ।

७३. दलित वर्गको उत्थान तथा विकास र आय आर्जनका लागि जोड दिईने छ ।

७४. मुस्लिम तथा पिछडिएका वर्गको आय आर्जन , सीप विकास जस्ता प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रमहरु संचालन गरिने छ ।

७५. सबै जात , जाति वर्ग समुदायको धर्म , संस्कृतिको सम्मान र संरक्षण गरिने छ ।

**<u>ग) पुर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु</u>**

७६. सबै जनतालाई शुद्ध खानेपानी ब्यवस्थापनका लागि संघीय सरकार तथा प्रदेश सरकारको सहयोगमा ठुला खानेपानी आयोजनाहरुका संभाव्यता अध्ययन गरिने खानेपानी आयोजनाहरुको निर्माण तथा विस्तार गराउन विशेष अनुरोध गरी समनन्वयकारी भूमिका निर्वाह गरिने छ ।

७७. विकासका पूर्वाधारमा सडक पहिलो शर्त हुनाले **गुणस्तरीय सडक विकासको** सडक स्तरोन्नती गर्दा नाली निर्माणलाई प्राथमिकता दिईने छ ।

७८. सडकको चौडाई न्यूनतम ६ मिटर कायम गर्न सबैलाई अभिप्रेरित गरिने छ ।

७९. गाउँपालिकाको भवन निमार्णका लागि जिल्ला समन्वय समिति संग पून अनुरोध गरी जग्गा प्राप्त गरी भवन निमार्ण गरीने छ ।

८०. गाउँपालिका क्षेत्रभित्र सडक संजाल निर्माणका लागि सडक गूरुयोजना तयार गरी व्यवस्थित र योजनाबद्ध तरिकाले स्तरीय सडक संजालको निमार्ण गरिने नीति अनुसरण गरिने छ ।

८१. मापदण्ड विपरीत बनेका सडकहरुमा गाउँपालिकाको लगानीलाई निरुत्साहन गरिने छ ।

८२. हाल सञ्चालनमा रहेका सडकहरुलाई क्रमशः मापदण्डको दायरामा ल्याउन पहल गरिनने छ ।

८३. घर नभएका अति विपन्न परिवारलाई संघीय र प्रदेश सरकारको सहयोग र समन्वयमा तथा गाउँपालिकाको समेत आफ्नै लगानीमा घर निर्माण गराई नागरिकहरुको आवासको सुनिश्चितता प्रदान गर्ने नीति लिईने छ ।

८४. विद्युत वितरण प्रणालीलाई प्रभावकारी बनाउन विद्युत प्राधिकरणसंग समन्वय गरी आवश्यकता अनुसार ट्रान्सफर्मरको क्षमता वृद्धि , थप तथा लाईन विस्तार गरी सबै घरहरुमा र वस्तिहरुमा विद्युतीय सेवा पुर्याउने नीति लिइने छ ।

८५. बैकल्पिक उर्जाको प्रयोग गर्दै गाउँपालिकाका क्षेत्रभित्रका बजार क्षेत्रहरुमा सौर्यबत्ती जडान गरी उज्यालो रोहीणी कार्यक्रमलाई निरन्तरता दिइने छ ।

८६. भूमितगत सिचाई प्रणालीको निर्माण , सुधार, मर्मत सम्भार र सञ्चालन तथा सेवा भएका सिचाई बोरिङ्गहरुलाई आयोजना तथा उपभोक्ताहरु संगको समन्वयमा मर्मत संहार, संचालनलाई नियमितता दिन आवश्यक सहजिकरण गरिने छ ।

८७. मर्मत सम्भार कोषको व्यवस्था गरी मौसम तथा अन्य गतिविधीबाट क्षयीकरण हुने पूर्वाधार तथा ग्रामीण सडकहरुको मर्मत संहार व्यवस्था गरिने छ ।

८८. राष्ट्रका लागि खेलकुद र स्वास्थ्यका लागि खेलकुद भन्ने मान्यता अनुसार युवा केन्द्रित खेलकूद कार्यक्रम संचालन गरिने छ ।

८९. विशेष अर्थिक क्षेत्र -सेज) भित्र निर्माण भएका र अब निर्माण हुने भवनहरुको नक्सा पास कार्य र करको दायरामा ल्याउने कार्यमा सम्बन्धित मन्त्रालयय संग समन्वय गरी गाउँपालिकाले सहयोगी र समन्वयकारी भूमिका निभाउने छ ।

**<u>घ. वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी तथा कार्यक्रमहरुः</u>**

९०. कोभिड–१९ लगायत अन्य विपदहरुको रोकथाम तथा न्यूननीकरणको लागि पूर्वतयारी प्रतिकार्य र पुनर्लाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्थापन गरी प्रभावकारी रुपमा विपदको व्यवस्थापन गर्ने नीति लिईने छ ।

९१. पूर्वाधार विकासका क्रियाकलापहरु संचालन गर्दा विपद जोखिम संवेदनशीलतालाई केन्द्र्ाविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाउने छ ।

९२. सरकारी, गैरसरकारी तथा निजी क्षेत्र र ब्यक्तिहरुले बनाउने सबै खाले भवहरु - घर ,टहरा, सेड, गोदाम आदि ) पक्की तथा कच्ची राष्ट्रीय भवन संहितालाई पालना गराउदै निमार्ण गर्न लगाईने छ । श्रावण १ गते देखि नयाँ घर बनाउदा अनिवार्य रपमा नक्सा पास गर्ने र पुराना घरहरुको अभिलेखिकरण गरिने छ ।

९३. हरियो रोहीणि कार्यक्रमलाई सुरवात गर्न आधुनिक नर्सरी स्थापनामा जोड दिई सार्वजनिक जग्गा, एतिहाँसिक स्थलहरु, नदी किनार, नदि उकास,

नहर तथा सडक किनार वृक्षारोपण कार्यक्रम संचालन गरिने छ । यसबाट रोजगारीको सृजना हुनुका साथै वातावरण संरक्षणमा सघाउ पुग्ने छ ।

९४. जलवायू परिवतर्नका असरहरुलाई न्युनिकरण गर्नका लागि अनुकुल कार्यहरु गर्दै वातावरण संरक्षण गर्ने नीति अवलम्वन गरिनने छ ।

९५. नदिजन्य पदार्थको उपभोग गर्दा आवश्यकता अनुसार EIA तथा IEE गराई मापदण्डको परिपालना गर्ने गराउने नीति लिईने छ र नदी किनारामा वृक्षा रोपण तथा तटबन्ध गरीने छ ।

९६. एक गाउँ एक पोखरी नीति अनुरुपको कार्यक्रमलाई कार्वान्वयन तर्फ जोड दिने । धार्मिक तथा एतिहासिक महत्व बोकेका पोखरीहरुको संरक्षण र संवर्द्धन तथा सुन्दरीकरण गर्ने नीति अपनाइने छ ।

९७. प्रत्ययेक वडामा १–१ वटा उद्यानको स्थापना गर्ने नीति अनुसरण गर्दै स्वच्छ र हराभरा रोहिणीको कार्यक्रम संचालन गरिने छ ।

९८. गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक स्थलहरुको संरक्षण र संवर्धनका लागि योजना बनाई सरोकारवालाको सहभागिता जुटाई वृक्षारोपणका कार्यक्रम क्रमशः सञ्चालन गरिने छ ।

९९. वारुण यन्त्रस्वाको व्यवस्थापन तथा संचालन गर्नन छिमेकी न .पा. तथा गा.पा. हरुसँग साथै प्रदेश र केन्द्रहरुसंग समन्वय गरी आवश्यक कार्यक्रम अगाडी बढाइनेछ ।

१००. विपद आउन नदिन जनचर्तना अभिवृद्धि गर्ने तथा विपद आइ परेमा राहत, स्थापना तथा उद्धार कार्य गर्न विपद ब्यवस्थापन कोषको माध्यमबाट प्रभावकारी कार्यान्वयन गरिने छ ।

१०१. फोहरमैला व्यवस्थापनको लागि सम्भाव्यता अध्यनन गरी उपयुक्त स्थानको पहिचान गरी क्रमशः व्यवस्थित रुपमा कार्वान्वयन गर्दै लगिनेछ ।

१०२. पूर्ण सरसफाइको कार्यक्रम आरम्भ गरी आवश्यक सार्वजनिक स्थानहरुमा समुदायिक संचालन र संरक्षणको जिम्मा लिने सुनिस्चितता भएका स्थानहरुमा सार्वजनिक शौचालयको निर्माण गरिने छ ।

<u>ङ . सुशासन तथा संस्थागत विकास सम्बन्धीनीति तथा कार्यक्रमहरु</u>ः

१०३. कार्यपालिकाको कार्यालय , वडा कार्यालय तथा विषयगत शाखा वा एकाईको सेवा प्रवाहलाई सूचना प्रविधि मंत्री बनाउदै लगिने छ । सबै कर्मचारीहरुलाई कम्प्यूटर ज्ञान, सिपको विकास गराईने छ ।

१०४. कोभिड–१९ को रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले लागु गरेको लकडाउनका कारण चालु अर्थिक वर्षको आय ठेक्का प्रभावित भएकोले कानून अनुसार उचित निकाय निकालिने छ ।

१०५. कोभिड–१९ को कारण व्यापार व्यवशाय तथा सेवा क्षेत्रमा पर्न गएको नकारात्मक असरबाट राहत महशुस गराउन व्यवशाय कर , घरबहाल कर, लगायतका करका क्षेत्रमा परेको असरको मूल्याङ्कन गरी आ .व. २०७८।०७७ को तिर्न बाँकी कर , शुल्क तिर्न नसकेको अवस्थामा करदातालाई थप समय दिई जरिवाना नलिने नीति लिईने छ ।

१०६. अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्बन गरिने छ । खरिद प्रकृयालाई पारदर्शी, प्रतिसपर्धी एवं मितब्ययी बनाईने छ ।

१०७. कोभिड–१९ को कारण उत्पन्न असहज परिस्थितको सामना गर्न तत्कालिन आवश्यकता पहिचान गर्दा प्राथमिकतामा परेका क्रियाकलापहरु

कार्यान्वयन गर्न निजि क्षेत्र , स्थानिय तहमा कार्यरत गैरसरकारी संस्था , सहकारी संस्था तथा सामुदायिक संस्थाहरुलाई सहभागी गराउने नीति लिइने छ ।

१०८. समयमा कर तिरौं गाउँपालिकाको विकासमा सहभागि बनौं भन्ने कुरा सबै करदातालाई बुझाउन करदता शिक्षा , कर सप्ताह जस्ता चेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

१०९. प्राकृतिक श्रोत तथा नदीजन्य पदार्थहरुको उचित व्यवस्थापनगरी आन्तरिक राजस्व बढाउने तथा करका दायराहरु बढाई गाँपालिकाको आय श्रोत वृद्धिका गर्दै लैजाने नीति अनुसरण गरिने छ ।

११०. जनताको सर्वोपरि हितलाई ध्यानमा राखि कानूनले अधिकार प्रदान गरेका न्यायिक कार्यलाई व्यवस्थित विश्वास योग्य, पारदर्शी बनाउदै लगिने छ । मेलमिलापकको माध्यमबाट समाजमा सामाजिक सहिष्णुता बढाउने विषयलाई जोड दिइने छ ।

१११. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यहरुलाई प्राथमिकता दिदै सवै किसिमका अन्याय र अत्याचारको अन्त्यको लागि पहल गरिने छ ।

११२. सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार गर्दै सूचना तथा सञ्चार प्रविधि विकासमा जोड दिईने छ ।

११३ गाउँपालिकाले सम्पादन गरेका कामका सबै गतिविधिहरुलाई Website मा नियमितरुपमा प्रविष्ठ गरी सबैकको सूचना पाउने हकको सुनिश्चितता प्रदान गरिने छ ।

११४. नियमित र प्रभावकारी बजार अनुगमनको माध्यमबाट गुणस्तर ,
नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यहरु व्यवस्थित गरिने छ ।

११५. बैठक तथा कार्यक्रमहरु व्यवस्थित तथा मर्यादित रुपले संचालन गरिने छ ।

११६. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापको माध्यमबाट पारदर्शिता अभिवृद्धि गर्दै लगिने छ ।

११७. सरकारी कार्यलाई पारदर्शी बनाउन नियमित रुपमा अडीयो नोटिस बोर्ड सेवा वेवसाईट सेवा सञ्चालन , डिजिटल नागरिक वडापत्र तथा सुचना पार्टी सञ्चालन , हाम्रो रोहिणी राम्रो रोहिणी कार्यक्रम सञ्चालन तथा गाउँपालिकाको पाशर्वचित्र प्रकाशन, लगायतका सूचना सामाग्रीहरूको प्रकाशन तथा वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

११८. योजना , जिन्सी लगायतका क्षेत्रमा क्रमशः सप्टवेयर मार्फत ब्यवस्थापन गर्ने, आवश्यक स्थानहरुमा सि.सी टि.भि  क्यामरा जडान, संचार माध्यमबाट विद्युतिय सिकाई , गाउँपालिकाका, वडा कार्यालय , विद्यालयहरु, स्वास्थ्य संस्थाहरुमा क्रमशः ईन्टरनेट सुविधाको ब्यवस्थापन गर्दै जाने नीति लिइएको छ ।

११९. कार्यालय संचालन खर्च औचित्यका आधारमा नगरिने छ र मितव्यियता र पारदर्शिता कायम गरी गरिने छ ।

१२०. संगठनात्मक सुशासन तथा कार्यालय सञ्चालनलाई व्यवस्थित गर्न आवश्यकीय परिपार्टीको विकास गरिने छ ।

१२१. गाउँपालिका कार्यालयको कार्य वोझलाई र जनशक्ति बीचको तालमेललाई सन्तुलित रुपले व्यवस्था मिलाई सेवा प्रवाहलाई प्रभावकारी बनाउन गठन विकास अध्ययन जस्ता कार्य गरी कार्वान्वयन गरिने छ ।

१२२. गुनासो सुनुवाई एकाईको व्यवस्था गरी जन गुनासोलाई समयमै व्यवस्थापन गर्ने कार्य गरिने छ ।

१२३. गाउँपालिकाको हरेक वडाको काम कार्यहरुलाई विद्युतियमाध्यमबाट संचालन गर्न जोड दिईने छ । प्रत्येक वडामा विद्युत र ईन्टरनेट सुविधालाई व्यवस्थित गरीनेछ ।

१२४. सानातीना झै —झगडा र विवाद मिलाउन , सार्वजननिक सम्पत्ती अतिक्रमण रोकथाम गर्न सामाजिक विकृती नियन्त्रण गर्न , सामाजिक अनुशासन कायम राख्न , उद्यमशिलता गरीपरिचालन गरिने छ । टोल विकासमा उत्कृष्ट टेवा पुर्याउने समीतिहरुलाई पुरस्कृत र सम्मान गरिने छ । टोल विकास समितिको क्षमता अभिवृद्धि गरिने छ ।

१२५. कार्य पद्दतीलाई व्यवस्थित र खर्च प्रणालीलाई पारदर्शी बनाई समग्र कार्य सम्पादन स्तरमा सुधार गर्दै शुसानको प्रत्यभुती गरिने छ ।

१२६. उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरिने छ उपभोक्ता समिति तथा अन्य विभिन्न संघ संस्था द्धारा संचालन गरिने कार्यक्रमहरुमा स्वीकृति लागत अनुमान बमोजिम नगदमा आधारित जनसहभागितालाई जोड दिदै लगिनेछ । खरिद विधिको पालना गर्न अभिप्रेरित गरिने छ ।

१२७. गाउँपालिका , वडा कार्यालयहरु , विषयगत शाखाहरु , स्वास्थय संस्थाहरुमा कार्यरत सबै कर्मचारीहरुलाई आचरण र अनुशासन पूर्णरुपमा पालना गर्दै मुस्कान सहितको सेवा प्रवाह गर्न अभिप्रेरित गरिने छ । औचित्य

र आवश्यकता अनुसार जिम्मेवारीमा हेरफेर गरी सबैलाई सबै काम गर्न सक्ने गरी सक्षम बनाईने छ ।

१२८.. कर्मचारी र राजनीति वीच अन्तर सम्वन्धलाई सेवा प्रवाह संग आवद्ध गरिने छ र अन्तर सम्वन्धला ई ब्यवस्थित गर्न पदाधिकारीहरूको र कर्मचारीहरूको काम कर्तब्य र अधिकारला ई अहस्तक्षेपकारी तरिकाले समन्वयात्मक ढंगले पालना गर्ने नीति अबलम्वन गरिने छ ।

१२९. शाखा/ शाखा बीच , वडा/ वडा वीच , एक अर्को संस्थाहरु वीच समन्वय र सहकार्यमा जोड दिईने छ । **नयाँ नेपालको नयाँ विचार** भन्ने मान्यताका साथ सबैलाई सकारात्मक सोच तथा उच्च मनोबलकासाथ स्वा प्रवाहमा लाग्न अभिप्रेरित गरिन्छ ।

१३०. आन्तरिक लेखा नियन्त्रण प्रणाली अबलम्वन गर्दै आन्तरिक तथा अन्तिम लेखा परीक्षणसमयमै सम्मपन्न गराउदै बेरुजु फछ्र्यौट कार्यलाइ प्राथमिकता दिइने छ ।

१३१. सुशासन युक्त संरचनाको रूपमा गाउंपालिकालाई स्थापित गरिने छ ।

१३२. संघीय सरकार र प्रदेशसरकार संगको सहकार्यमा संचालन हुने योजनाको लागि समपुरक रकमको ब्यवस्था गरिने छ ।

१३३. संघ,प्रदेश संग समन्वयको आधारमा स्थानीय सरकार संचालन हुने छ । ठूला योजनाहरु संघ र प्रदेश सरकार संगको सहभागितामा संचालन गर्ने नीति अबलम्वन गरिने छ।

१३४. राम्रो काम गर्ने उपभोक्ता समिति र राम्रो काम गर्ने कर्मचारीलाइ पुरस्कार तथा सम्मानको ब्यवस्था गरिने छ ।

१३५. गाउँपालिका क्षेत्रमा  आवश्यक शान्ति तथा सुव्यवस्था कायम गरी गाउँपालिका एवं गाउँक्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको सुरक्षा एवं संरक्षण गर्न, अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्न  नगर प्रहरीको ब्यवस्था गर्ने नीति लिइएको छ ।

अन्त्यमा यस गाउँपालिकाले दिर्घकालिन सोच, उदेश्य, प्राथमिकताका साथ अघि सारेका नीति तथा कार्यक्रमको सफल कार्यान्वयनले यस गाउँपालिकालाई समृध्द बनाउन योगदान पुराउने कुरामा विश्वास राख्दै कोरोना रोकथाम र नियन्त्रण गर्न अब  आउने दिनमा पर्ने चुनौतिको सामना गर्न सबै एकताबद्ध भएर अगाडि बढौं भन्ने अपिल गर्दै  नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुर्याउनुहुने सम्पुर्ण, सभाका सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, बुध्दिजिवि, समाजसेवी, शिक्षक, प्राध्यापक, राष्ट्रसेवक कर्मचारीहरू लगायत सबैलाई हार्दिक धन्यवाद दिदै नीति तथा कार्यक्रमहरू अनुसार यस गाउँपालिकालाइ  **सुखी र समृद्ध  रोहिणी**बनाउन सबैको साथ,सहयोग र सहकार्यको आशा र विश्वासका साथ  विदा माग्दछु ।

२०७७/०३/०९

धन्यवाद, जय रोहिणी ।

अध्यक्ष
सनोज कुमार यादव
रोहिणी गाउँपालिका, रूपन्देही